स्वतः प्रकाशन, वैशाख ०१ देखि असार मसान्त सम्म

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

२०८३ साल वैशाख १ गते देखि २०८३ साल असार मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

# (स्वतः प्रकाशन)


नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

कार्यक्रम कार्यान्वयन एकाइ, बारा

फोन नं: ९८५५०४८८९७, ९८५५०४८८९९

इमेल: pmamp.piu.bara@gmail.com

वेवसाइट: piubara.pmamp.gov.np



२०८३ श्रावन

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
बारा

## विषयसूची


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | कार्यालयको स्वरुप र प्रकृति | ३-५ |
| २. | राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, बारा अन्तर्गतका जोन/सुपरजोन | ६-८ |
| ३. | कार्यक्रम कार्यान्वयन एकाइको कार्यविवरण | ९ |
| ४. | कार्यालयको दरवन्दी तेरिज र पदपूर्ति विवरण | १० |
| ५. | कार्यालयमा कार्यरत कर्मचारीको विवरण: | ११ |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि: | ११ |
| ७. | निर्णय उपर उजुरी सुन्ने अधिकारी: | १२ |
| ८. | आ. व. २०८२/८३ का प्राथमिकताका कार्यक्रमहरू: | १२-१३ |
| ९. | आ.व. २०८२/८३ को तेस्रो त्रैमासिक प्रगति विवरण: | १३ |
| १०. | आ.व. २०८२/८३ सम्पादन गरिएका कामको विवरण: | १४-१६ |
| ११. | ऐन, नियम र निर्देशिकाको सूची | १७ |
| १२. | सूचना अधिकारी र प्रमुखको नाम र पद | १७ |

## १. कार्यालयको स्वरुप र प्रकृति

**राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवम् सम्भाग**

### सोच

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित आधुनिक, व्यावसायिक, दिगो एवम् आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने।

### लक्ष्य

समग्र कृषि मूल्य शृङ्खलाका अवयवहरूको एकीकृत संयोजन र परिचालनमार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण उन्मुख दिगो आर्थिक अवसरहरू सिर्जना गरी राष्ट्रको समग्र विकासमा टेवा पुऱ्याउने।

### उद्देश्य

१) प्रमुख कृषि उपजहरूको विशिष्टीकृत क्षेत्रहरू निर्माण गर्ने।
२) निर्यात योग्य कृषि बाली वस्तुहरूको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने।
३) कृषिलाई सम्मानजनक नाफामुखी व्यवसायका रूपमा विकास गर्दै रोजगारीका अवसरहरू सिर्जना गर्ने।
४) बहुसरोकारवाला निकायहरूबीचको कार्यमूलक समन्वयमार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।

### रणनीति

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले कृषि क्षेत्रको आधुनिकीकरणका लागि निम्नानुसारका रणनीतिहरू सञ्चालन गर्नेछः

१) भूमिको वैज्ञानिक उपयोग।
२) आधुनिक कृषि प्रविधिहरूको अवलम्बन।
३) कृषिमा यान्त्रीकीकरण।
४) कृषि उपजहरूको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरूको विकास।
५) कृषि अनुसन्धान-शिक्षा-प्रसार प्रणालीको सुदृढ समन्वय एवम् आधुनिकीकरण।
६) प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्बन।
७) गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि।
८) वातावरण परिवर्तन अनुकूलित कृषि प्रणाली अवलम्बन।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
बारा

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
बारा

सम्भाग

**१. बृहत् व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रमः** राष्ट्रिय प्राथमिकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएका पूर्वाधारहरू भएको र तोकिएको बाली/वस्तुमा न्यूनतम् १००० हेक्टरमा सञ्चालन भएको बृहत् व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्रका रूपमा सुपरजोनहरू रहन्छन्। सुपरजोनमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु, सुपर जोन क्षेत्रमा कृषि यान्त्रिकीकरण, कृषि पूर्वाधार विकास एवम् व्यवसायिकरण प्रवर्द्धन, प्रशोधन केन्द्रहरूको स्थापना, मूल बीउ उत्पादन तथा कृषि अनुसन्धान केन्द्र र अध्ययन संस्थामार्फत् कृषि आधुनिकीकरण गर्दै आत्मनिर्भर कृषि अर्थतन्त्रको आधारशीला निर्माण गर्नु सुपरजोन विकास कार्यक्रम सञ्चालनका उद्देश्यहरू हुन्।

सुपरजोनमा स्रोत केन्द्र स्थापना सहयोग अन्तर्गत प्रजनन बीउ उत्पादन, नियामक प्रयोगशालाहरू स्थापना, प्राङ्गारिक मल कारखानाहरूको स्थापना तथा सबलीकरण, जैविक विषादी उत्पादन केन्द्र, ठूला कृषि बजारहरू, ठूला सिँचाइ पूर्वाधारहरू, कृषि तालिम केन्द्र, कृषि अनुसन्धान केन्द्र, कृषि अध्ययन संस्था कलेज स्थापना, कृषिजन्य उद्योगहरू स्थापना लगायतका आवश्यक पूर्वाधारहरू निर्माण गरी कृषि आधुनिकीकरण उन्मुख बनाइन्छ।

**२. व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रमः** राष्ट्रिय प्राथमिकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएका पूर्वाधारहरू भएको र तोकिएको बाली/वस्तुमा न्यूनतम ५०० हेक्टरमा सञ्चालन भएको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्रका रूपमा जोनहरू रहन्छन्।

कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुऱ्याउने गरी जोनमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु, जोन क्षेत्रमा कृषि यान्त्रिकीकरण, कृषि पूर्वाधार विकास एवम् व्यवसायिकरण प्रवर्द्धन तथा प्रारम्भिक प्रशोधन केन्द्रहरूको स्थापना मार्फत् कृषि आधुनिकीकरणको आधारशिला तयार गर्ने जस्ता व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम सञ्चालनका उद्देश्यहरू हुन्।

जोन क्षेत्रमा रासायनिक तथा प्राङ्गारिक मल, उन्नत तथा हाइब्रिड बीउ बिजन, रासायनिक एवम् जैविक विषादीहरू लगायतका उत्पादन सामग्रीहरूमा तोकिए बमोजिम अनुदान सहयोग उपलब्ध गराइनेछ। जोनमा सम्बन्धित बाली/वस्तुमा सहभागितात्मक व्यावसायिक उत्पादन प्रविधि प्रदर्शन सञ्चालन गरिनेछ भने उत्पादन प्रविधि, बजारीकरण, मूल्य शृङ्खला विकास लगायतका विविध पक्षहरू समेटिने गरी स्थलगत तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

यान्त्रिकीकरण प्रवर्द्धनका लागि उत्पादनदेखि बजारीकरणसम्म आवश्यक पर्ने सबै प्रकारका मेसिनरी औजार उपकरणको सेटसहितको सेवा उपलब्ध गराउन Custom Hiring Centre स्थापनाका लागि पुँजीगत अनुदान उपलब्ध गराइन्छ। त्यस्तै, व्यवसायीकरणका लागि प्राथमिक प्रशोधन केन्द्र, गोदाम घर, ग्रेडिङ लगायतका उत्पादनपश्चात आवश्यक पूर्वाधारहरू रहेको एक पोस्ट हार्भेस्ट सेन्टर निर्माण गरिन्छ। पूर्वाधार विकास सहयोगतर्फ लिफ्ट सिँचाइ, डिप ट्युबवेल जडान, सिँचाइ कुलो मर्मत तथा सुधार, आवश्यक कृषि पूर्वाधारहरू (Community Seed Banks, Processing, Grading and Packaging units, Marketing infrastructures, CAESC Infrastructures/Laboratories) लगायतमा सहयोग पुऱ्याइनेछ। साथै प्राङ्गारिक मल कारखाना, टिस्युकल्चर ल्याब, हाईटेक नर्सरी लगायतका पूर्वाधार निर्माणमा सहयोग पुऱ्याइनेछ।

यस कार्यक्रमबाट व्यावसायिक कृषक समूहहरू तथा सहकारीहरू, निजी कृषि उद्यमी तथा व्यवसायीहरू (कानुनबमोजिम दर्ता भएका कम्पनीहरू) लाभान्वित हुन्छन्। जोन कार्यक्रम समन्वयका लागि जोन स्तरमा जोन समन्वय समिति रहन्छ।

**३. व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम:**

राष्ट्रिय प्राथमिकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएको पूर्वाधारहरु भएको र तोकिएको बाली/वस्तुमा न्यूनतम १०० हेक्टरमा (मौरी, च्याउ, हाईटेक ग्रीनहाउस/प्लाष्टिक हाउस, मत्स्य पोखरीको हकमा कार्यविधिमा व्यवस्था भए अनुसारको संख्या तथा क्षेत्रफलमा) सञ्चालन भएको व्यावसायिक कृषि उत्पादन केन्द्रका रुपमा ब्लकहरु रहनेछन्। जिल्लास्तरमा कृषि उत्पादन केन्द्रका रुपमा ब्लकहरु रहनेछन्। जिल्लास्तरमा कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुऱ्याउने गरी ब्लकमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने, ब्लक क्षेत्रमा कृषि यान्त्रिकरण, कृषि पूर्वाधार विकास तथा व्यवसायिकरण प्रवर्द्धन गर्ने जस्ता व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम सञ्चालनका उद्देश्यहरु रहेका छन्।
यस कार्यक्रमबाट व्यावसायिक कृषक समूहहरु तथा सहकारीहरु, जलउपभोक्ता समूहहरु, निजी कृषि उद्यमी तथा व्यवसायिक लाभान्वित हुन्छन्।

**४. साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम**

राष्ट्रिय आवश्यकता र स्थानीय सम्भावयताका आधारमा तोकिएको बाली/वस्तुमा तोकिएको न्यूनतम क्षेत्र/संख्यामा (मौरी, च्याउ, हाईटेक ग्रीन हाउस/प्लाष्टिक हाउस, मत्स्य पोखरीको हकमा कार्यविधिमा व्यवस्था भए अनुसारको संख्या तथा क्षेत्रफलमा) जिल्लास्तरमा प्राथमिक उत्पादन इकाइका रुपमा साना, साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन गरिन्छन् ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
बारा

## २. राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, बारा अन्तर्गतका जोन/सुपरजोन

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, बाराको कार्यक्षेत्र भित्र बारा र पर्सा गरि दुई जिल्ला पर्छन्। यी दुई जिल्लाहरुमा तल उल्लेखित बाली/वस्तुमा सुपरजोन तथा जोन क्षेत्र तोकिएका छन्।

- माछा
- धान
- गाईभैंसी
- तरकारी
- केरा

| क.सं. | जिल्ला | जोन/सुपरजोन | बालीवस्तु |
|---|---|---|---|
| १. | बारा | सुपरजोन | माछा |
| २. | | जोन | धान |
| ३. | | जोन | गाईभैंसी |
| ४. | | जोन | तरकारी |
| ५. | | जोन | केरा |
| ६. | पर्सा | जोन | माछा |
| ७. | | जोन | धान |
| ८. | | जोन | तरकारी |

<u>कार्यालय अन्तर्गतका सुपरजोन र जोन:</u>

### १. माछा सुपरजोन, बारा

बारा जिल्लाका सोह्रवटा स्थानीय तहमध्ये निम्न बमोजिमका चौधवटा स्थानीय तह माछा सुपरजोन, बाराको कमाण्ड क्षेत्रभित्र पर्दछन्।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
बारा

- कलैया उपमहानगरपालिका
- कोल्हवी नगरपालिका
- सिम्रौनगढ नगरपालिका
- महागढीमाई नगरपालिका
- पचरौता नगरपालिका
- आदर्शकोतवाल गाउँपालिका
- करैयामाई गाउँपालिका
- देवताल गाउँपालिका
- बारागढी गाउँपालिका
- सुवर्ण गाउँपालिका
- परवानीपुर गाउँपालिका
- प्रसौनी गाउँपालिका
- फेटा गाउँपालिका
- विश्रामपुर गाउँपालिका

**२. धान जोन, बारा**

बारा जिल्लाका सोह्रवटा स्थानीय तहमध्ये निम्न बमोजिमका दुईवटा स्थानीय तह धान जोन, बाराको कमाण्ड क्षेत्रभित्र पर्दछन्।

- सुवर्ण गाउँपालिका
- देवताल गाउँपालिका

**३. गाईभैंसी जोन, बारा**

बारा जिल्लाका सोह्रवटा स्थानीय तहमध्ये निम्न बमोजिमका पाँच स्थानीय तह गाईभैंसी जोन, बाराको कमाण्ड क्षेत्रभित्र पर्दछन्।

- कलैया उपमहानगरपालिका
- जितपुरसिमरा उपमहानगरपालिका
- कोल्हवी नगरपालिका
- निजगढ नगरपालिका
- प्रसौनी गाउँपालिका

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
बारा

### ४. तरकारी जोन, बारा

बारा जिल्लाका सोह्रवटा स्थानीय तहमध्ये निम्न बमोजिमका तीनवटा स्थानीय तह तरकारी जोन, बाराको कमाण्ड क्षेत्रभित्र पर्दछन्।

• कलैया उपमहानगरपालिका
• सिम्रौनगढ नगरपालिका
• आदर्शकोतवाल गाउँपालिका

### ५. केरा जोन, बारा

बारा जिल्लाका सोह्रवटा स्थानीय तहमध्ये निम्न बमोजिमका दुईवटा स्थानीय तह केरा जोन, बाराको कमाण्ड क्षेत्रभित्र पर्दछन्।

• निजगढ नगरपालिका
• जितपुरसिमरा उपमहानगरपालिका

### ६. धान जोन, पर्सा

पर्सा जिल्लाका चौधवटा स्थानीय तहमध्ये निम्नबमोजिमका पाँचवटा स्थानीय तहका वडाहरू धान जोन, पर्साको कमाण्ड क्षेत्रभित्र पर्दछन्।

• परवानीपुर नगरपालिका अन्तर्गत वडा नं १, २, ३, ४, ५, ६, ७, ८ र ९
• सखुवाप्रसौनी गाउँपालिका अन्तर्गत वडा नं १, २ र ३
• पटेर्वा सुगौली गाउँपालिका अन्तर्गत वडा नं १, २, ३, ४ र ५
• जिराभवानी गाउँपालिका अन्तर्गत वडा नं १, २, ३, ४ र ५
• ठोरी गाउँपालिका अन्तर्गत वडा नं २, ३, ४ र ५

### ७. माछा जोन, पर्सा

पर्सा जिल्लाका चौधवटा स्थानीय तहमध्ये निम्नबमोजिमका सातवटा स्थानीय तह माछा जोन, पर्साको कमाण्ड क्षेत्रभित्र पर्दछन् ।

• वीरगञ्ज महानगरपालिका अन्तर्गत वडा नं २७
• पोखरिया नगरपालिका
• धोबिनी गाउँपालिका
• पकाहा मैनपुर गाउँपालिका
• कालिकामाई गाउँपालिका
• बिन्दबासिनी गाउँपालिका
• छिपहरमाई गाउँपालिका

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
बारा

## ३. कार्यक्रम कार्यान्वयन एकाइको कार्यविवरण:

कार्यक्रम अन्तर्गतको सुपरजोन/जोन विकास कार्यक्रम सञ्चालनको लागि कार्यक्रम कार्यान्वयन एकाइ रहनेछ।

- सुपरजोन/जोन विकासका लागि तय भएका नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने/गराउने।
- कार्यक्रम कार्यान्वयनका लागि कृषि सहकारी, समूह र कृषि उद्यमीहरुको अभिमुखीकरण तथा क्षमता विकास गर्ने।
- सम्बन्धित बालीको अनुसन्धान तथा विकास केन्द्रका रूपमा कार्य गर्ने तथा बाली विशेष पकेट, ब्लक, जोन र सुपरजोनसँगको अनुसन्धान प्रसार सेवा र कृषि शिक्षाको सम्बन्ध (Linkages) र पहुँच (Access) स्थापना गर्ने।
- बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनसँग सम्बन्धित निकायहरूबीच कार्यमूलक समन्वयको व्यवस्था मिलाउने।
- जिल्ला स्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालयहरूसँगको समन्वयमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने।
- सुपरजोन/जोनमा भएका विद्यमान प्रविधि र पूर्वाधारहरूको अभिलेख तयार गर्ने।
- सुपरजोन/जोन अन्तर्गतका कृषक समूह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी तथा कृषि सहकारीहरूको विवरण अद्यावधिक गर्ने।
- कार्यक्रमको लक्ष्य र उद्देश्य हासिल गर्न सहयोगी कार्यक्रम सञ्चालन गर्ने।
- सुपरजोन/जोन अन्तर्गत सामूहिक खेती, सहकारी खेती, करार खेती र चक्लाबन्दी खेती प्रवर्द्धन गर्ने नीतिलाई कार्यान्वयन गर्ने।
- सुपरजोन/जोन अन्तर्गत कृषि पूर्वाधारहरूको विकास गर्ने।
- कार्यक्रमका सरोकारवालाहरू (स्थानीय तह, प्रदेश सरकार मातहतका निकाय, अनुसन्धान र कृषि फार्म केन्द्र) सँग समन्वय र सहकार्य गर्ने।
- कार्यक्रमको प्रगति नियमितरूपमा कार्यक्रम व्यवस्थापन एकाइमा प्रतिवेदन गर्ने।
- कार्यक्रमबाट तोकिएका कार्यक्रम कार्यान्वयन एकाइले प्रदेश स्तरमा समन्वय र रिपोर्टिङको समेत कार्य गर्ने।
- सम्भाव्यताको आधारमा सुपरजोन/जोनको क्षेत्र विस्तारको लागि कार्यक्रम व्यवस्थापन एकाइमा सिफारिस गर्ने।
- सञ्चालित जोन र सुपरजोनको प्रोफाइल तयार गर्ने।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
बारा

## ४. कार्यालयको दरवन्दी तेरिज र पदपूर्ति विवरण

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | कुल दरवन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | वरिष्ठ कृषि अधिकृत | रा.प.द्वि.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | १ | १ | ० | स्थायी कर्मचारीबाट पदपूर्ति हुने |
| २. | कृषि अधिकृत | रा.प.तृ.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | १ | १ | ० | |
| ३. | नायब सुब्बा | रा.प.अनं.प्र.प्र. | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | ० | |
| ४. | लेखापाल | रा.प.अनं.प्र.प्र. | नेपाल प्रशासन | लेखा | १ | १ | ० | |
| ५. | प्राविधिक सहायक | रा.प.अनं.प्र.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | २ | ० | २ | |
| ६. | कृषि अधिकृत | रा.प.तृ.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | १ | ० | १ | स्थायी/करार कर्मचारीबाट पदपूर्ति हुने |
| ७. | नायब प्राविधिक सहायक | रा.प.अनं.द्वि.प्रा. | नेपाल कृषि | समूहकृत नहुने(कृषि तर्फ) | २ | २ | ० | |
| ८. | नायब पशु सेवा प्राविधिक | रा.प.अनं.द्वि.प्रा. | नेपाल कृषि | समूहकृत नहुने(पशुपन्छी तर्फ) | २ | २ | ० | |
| ९. | हलुका सवारी चालक | श्रेणी विहिन | नेपाल ईन्जिनियरिङ्ग | मेकानिकल ईन्जिनियरिङ्ग | १ | १ | ० | |
| १०. | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | ० | |
| | जम्मा | | | | १४ | ११ | ३ | |
| | जोन प्राविधिक एकाइ, पर्सा | | | | | | | |
| १. | कृषि अधिकृत | रा.प.तृ.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | १ | १ | ० | स्थायी कर्मचारीबाट पदपूर्ति हुने |
| २. | कृषि अधिकृत | रा.प.तृ.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | १ | ० | १ | स्थायी/करार कर्मचारीबाट पदपूर्ति हुने |
| ३. | नायब प्राविधिक सहायक | रा.प.अनं.द्वि.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | २ | २ | ० | |
| ४. | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | ० | |
| | जम्मा | | | | ५ | ४ | १ | |
| | कुल जम्मा | | | | १९ | १५ | ४ | |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
बारा

५. <u>कार्यालयमा कार्यरत कर्मचारीको विवरण:</u>

| क्र.सं. | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १. | राम बलम प्रसाद साह | वरिष्ठ कृषि अधिकृत/रा.प.द्वि. | स्थायी |
| २. | लेखराज ढकाल | कृषि अधिकृत/रा.प.तृ. | स्थायी(अध्ययन विदामा रहनुभएको) |
| ३. | आरती चौधरी | कृषि अधिकृत/रा.प.तृ. | स्थायी |
| ४. | द्वारिका कुमार चौधरी | लेखापाल/रा.प.अन.प्र. | स्थायी |
| ५. | विकाश कुमार रंजन | नायब सुब्बा/रा.प.अन.प्र. | स्थायी |
| ६. | संतोष पंडित | कृषि इन्जिनियर | परामर्श |
| ७. | शैलेन्द्र कुमार साह | कम्प्यूटर अपरेटर | परामर्श |
| ८. | राज किशोर यादव | ल्याब टेक्निसियन | परामर्श |
| ९. | मनोज कुमार धानुक | ना.प्रा.स.(कृषि) | करार |
| १०. | प्रमोद कुमार राम | ना.प.से.प्रा.(भेटेरिनरि) | करार |
| ११. | दिपेन्द्र प्रसाद चौधरी | ना.प्रा.स.(कृषि) | करार |
| १२. | रिफान चौधरी | ना.प्रा.स.(कृषि) | करार |
| १३. | रुपेश पटेल | ना.प्रा.स.(कृषि) | करार |
| १४. | राकेश कुमार यादव | ना.प.से.प्रा.(भेटेरिनरि) | करार |
| १५. | म.इर्शाद अंसारी | हलुका सवारी चालक | करार |
| १६. | जिकरुल्लाह अंसारी | कार्यालय सहयोगी | करार |
| १७. | चन्दा कुमारी क्षेत्री | कार्यालय सहयोगी | करार |
| १८. | मनोज कुमार चौहान | कार्यालय सहयोगी | करार |
| १९. | अमिता कुमारी पटेल | सरसफाइ | करार |
| २०. | इन्दु देवी | सरसफाइ | करार |

६. <u>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:</u>

दस्तुरः सामान्यतया निवेदनसाथ रु. १०/- को हुलाक टिकट

अवधिः सामान्यतया तत्काले र अनुदान वितरणका क्रियाकलापहरूका लागि सेवा लिन कार्यालयको निर्णय बमोजिम।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
बारा

७. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

निवेदन, उजुरीलगायतका गुनासाहरू कार्यालयको सुझाव पेटिका मार्फत वा कार्यालयमा सिधै आएर दिन सकिन्छ वा कार्यालयको वेवसाइटमा गएर QR स्कान गरि गुनासो दिन सकिन्छ। त्यस्ता निवेदन वा उजुरीउपर कार्यालय प्रमुखद्वारा आवश्यक निर्णय लिइन्छ र सोको जानकारी सम्पर्क गर्ने माध्यमसहितका गुनासाहरूको हकमा गुनासो वा उजुरीकर्तालाई समेत जानकारी गराइन्छ ।

८. आ. व. २०८२/८३ का प्राथमिकताका कार्यक्रमहरू:

| क्र. सं. | प्राथमिकताका कार्यक्रमको नाम | एकाइ | वार्षिक लक्ष्य | बजेट (रु. लाखमा) |
|---|---|---|---|---|
| १. | सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | २०२ | २२२.५ |
| २. | बीउ उत्पादन कार्यक्रम | हेक्टर | ६० | १०.८ |
| ३. | धान बिज वृद्धि कार्यक्रममा अनुदान | हेक्टर | ३२ | १२.८ |
| ४. | मसिना धान प्रवर्द्धन कार्यक्रम | हेक्टर | ५० | ७.५ |
| ५. | समूह/सहकारीको साझेदारीमा बिउ भण्डार गृह निर्माण | संख्या | २ | ३० |
| ६. | केराको क्षेत्रफल विस्तार | हेक्टर | ३० | २७ |
| ७. | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण | पटक | १ | ४९.७७ |
| ८. | केरा थामलाई प्रशोधन गरि रेशा बनाउने उद्योग स्थापना कार्यक्रम | संख्या | १ | १५ |
| ९. | कृषि उपज संकलन केन्द्र स्थापना | संख्या | १ | ६ |
| १०. | राइपेनिङ च्याम्बर निर्माण सहयोग | संख्या | १ | १० |
| ११. | उन्नत प्रविधि सहित क्षेत्रफल विस्तार | हेक्टर | २० | १८ |
| १२. | बजार सेड तथा संकलन केन्द्र निर्माण | संख्या | २ | १२ |
| १३. | ढुवानी साधनमा अनुदान | संख्या | ५ | ९.६४ |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
बारा

| | | | | |
|---|---|---|---|---|
| १४. | कोल्ड च्याम्बर निर्माण सहयोग | पटक | २ | १२ |
| १५. | माछाको सुकुटी बनाउने उद्योगमा भटि निर्माण/मर्मतमा सहयोग | पटक | १ | ५ |
| १६. | प्याकेजिङ, लेबलिङ तथा पोस्ट हार्भेस्ट क्षति न्यूनीकरण | पटक | १ | १५ |
| १७. | ह्याचरी सुदृढीकरण कार्यक्रम | वटा | २ | १० |
| १८. | पेलेट मेसिन र उत्पादन | पटक | १ | १५ |
| १९. | माछा प्याकेजिङ तथा बजारीकरणको लागि आइस प्लान्ट निर्माण सहयोग कार्यक्रम | संख्या | १ | २० |
| २०. | डेरी पसल स्थापना तथा सुधार | पटक | २ | ४ |
| २१. | भकारो तथा गोठ सुधार कार्यक्रम | संख्या | १० | ५.४ |
| २२. | चिलिङ्ग भ्याट स्थापना सहयोग | संख्या | २ | ९ |
| २३. | उद्यमशीलता कार्यक्रमका लागि अनुदान कार्यक्रम | पटक | ८ | ३२ |
| २४. | कस्टम हायरिङ सेन्टर स्थापना | पटक | २ | ६० |
| २५. | चैते धानको क्षेत्रफल विस्तार | हेक्टर | १००० | १६० |
| २६. | व्यवसायिक प्याज प्रवर्द्धन कार्यक्रम | पटक | ५ | १५.७५ |
| २७. | मासु निर्यात अभिवृद्धिका लागि रांगाभैंसी प्रवर्द्धन कार्यक्रम | पटक | २ | २० |

९. <u>आ.व. २०८२/८३ को वार्षिक प्रगति विवरण:</u>

भारित प्रगति = ९४.७८%

वित्तीय प्रगति = ८८.५९%

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
बारा

१०. **आ.व. २०८२/८३ मा सम्पादन गरिएका कामको विवरण:**

| क्र.सं. | कार्यक्रमको नाम | एकाइ | लक्ष्य | प्रगति परिमाण | बजेट (रु.लाखमा) | खर्च (रु.लाखमा) | प्रगति/उपलब्धि |
|---|---|---|---|---|---|---|---|
| १. | सिचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | २०२ | २६८ | २२२.५ | १८०.०४ | स्यालो ट्युबवेल-२२३, डीप ट्युबवेल-४५ वटा जडान भएको |
| २. | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग | पटक | १ | १ | ४९.७७ | ४४.४९ | रिपर, स्प्रेयर टंकी, डिजिटल तराजु, Aerator, मिनि टिलर, मोटर, काउमेट मिल्क, कैन, चापकटर, डिप फ्रिज, आइस फुटाउने क्रसर, इलोडर ६ गरी जम्मा ५७९ वटा यान्त्रिकरण सहयोग |
| ३. | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | पटक | ८ | १३ | ३२ | २४.०९ | गाई/भैसीपालन-८, पोल्ट्री-३, तरकारी-२ वटा उद्यमशिलता विकास कार्यक्रम भएको |
| ४. | कष्टम हायरिङ्ग सेन्टर स्थापना | पटक | २ | ७ | ६० | ५९.८७ | Tractor 7, Rotavator 7, Bailer 2, Leveller 2, Cultivator 7 वटा सहयोग |
| ५. | व्यवसायिक प्याज प्रवर्धन कार्यक्रम | पटक | ५ | ५ | १५.७५ | ९.०९ | ४१ वटा कृषि फर्म, समूह र सहकारीसँग सम्झौता भई २१.८५ हेक्टर जगगामा प्याज उत्पादन र उत्पादकत्व बृद्धि भएको |
| ६. | ढुवानी साधनमा अनुदान | संख्या | ५ | ५ | ९.६४ | ८.१५ | तरकारी जोनमा ५ वटा इलोडर अनुदान सहयोग |
| ७. | चिलिङ्ग भ्याट स्थापना सहयोग | संख्या | २ | २ | ९ | ८.२३ | १००० लिटर क्षमता भएको चिलिङ भ्याट मिल्क एनालायजर सेट सहित खरिद गरि पार्वती डेरी उद्योग, कलैया उप.महा.न.पा.-२२ मदिलवा र श्री कंचनपुर दुग्ध उत्पादक सहकारी संस्था लि., जितपुरसिमरा उप.महा.न.पा.-२० कंचनपुर लाभान्वित भएको |
| ८. | प्याकेजिङ, लेबलिङ तथा पोस्ट हार्भेस्ट क्षति न्यूनीकरण | पटक | १ | १ | १५ | १४.५५ | आइस प्लान्ट निर्माण र थर्मोकोइल बक्स खरिद |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
बारा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९. | भकारो तथा गोठ सुधार कार्यक्रम | संख्या | १० | १० | ५.४ | ४.७५ | १ वटा समूह र ९ वटा फर्महरु लाभान्वित भएको |
| १०. | वीउ उत्पादन कार्यक्रम | हेक्टर | ८० | ८० | १०.८ | १०.२ | ग्रामिण विकास कृषक समुह सुवर्ण-०६ ले चैते ५ र सवर्ण सर्व-१ : २० हे मा, सेतो गुराँस कृषि सहकारी संस्था लि पर्सागढी-०१ ले हर्दिनाथ-१ : ६० हे मा विउ उत्पादन गरेको |
| ११. | केराको क्षेत्रफल विस्तार कार्यक्रम | हेक्टर | ३० | ३० | २७ | २६.१३ | १ वटा सहकारी र १३ वटा फर्मले ३० हेक्टर क्षेत्रमा केरा खेति विस्तार गरेको |
| १२. | चैते धान क्षेत्रफल विस्तार कार्यक्रम | हेक्टर | १००० | १८६० | १६० | १५९.८६ | १८६० हेक्टर मा चैते धान क्षेत्रफल विस्तार कार्यक्रम सम्पन्न भएको |
| १३. | कोल्ड च्याम्बर निर्माण सहयोग | पटक | २ | २ | १२ | ११.९७ | ४ टन क्षमताको कोल्ड च्याम्बर निर्माण (आउटडोर युनिट-१, इन्डोर युनिट-१, ह्युमिडिफायर- ५ लिटर प्रति घण्टा १ वटा, ६.६६÷x६.६६÷x८.०१÷ पफ प्यानल चेम्बर-१ |
| १४. | उन्नत प्रविधि सहित क्षेत्रफल विस्तार कार्यक्रम | हेक्टर | २० | १७.६७ | १८ | १३.८८ | १७.६७ हेक्टरमा तरकारी क्षेत्रफल विस्तार भई उत्पादन बढेको |
| १५. | मासु निर्यात अभिवृद्धिका लागि रांगाभैंसी प्रवर्द्धन कार्यक्रम | पटक | २ | २ | २० | १६.९५ | पाडा /पाडि खरिदका लागी सहयोग, ५ वटा घाँस काट्ने मेसिन, उन्नत घाँसको बीउ वितरण गरिएको र ६ वटा नयाँ गोठ निर्माण भइ व्यवसायिक राँगा/भैसी पालनमा सहज भएको |
| १६. | न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्ने सहकारीहरुलाई व्यवस्थापन खर्च | क्विन्टल | ३२००० | २४९६७.५९ | ३५.८४ | २८.९४ | जम्मा धान खरिद मोटा धान १९४८०.४९ क्विन्टल र मध्यम धान १२७८.९० क्विन्टल गरी जम्मा २०७५९.३९ क्विन्टल धान खरिद भएको र चैते धान खरिद मोटा धान ४२०८२ क्विन्टल गरी कुल जम्मा २४९६७.५९ अनुदान रकम रु. २८९४६४७।- भुक्तानी भएको |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
बारा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७. | माछा प्याकेजिङ तथा बजारीकरणको लागि आइस प्लान्ट निर्माण सहयोग कार्यक्रम | संख्या | १ | २ | २० | १९.६४ | बाराको माछा सुपरजोन अन्तर्गत ३.७५ र ३.१५ मे.टन. सिल उत्पादन क्षमता भएको आइस प्लान्ट निर्माण |
| १८. | राइपेनिङ च्याम्बर निर्माण सहयोग | संख्या | १ | १ | १० | १० | ४.३६ टन क्षमताको राइपेनिङ च्याम्बर निर्माण (आउटडोर युनिट-१, इन्डोर युनिट-१, ह्युमिडिफायर- ५ लिटर प्रति घण्टा १ वटा, १२.३७÷x१०.४७÷x८.०१÷ पफ प्यानल चेम्बर-१ |
| १९. | समूह/सहकारीको साझेदारीमा बिउ भण्डार गृह निर्माण | संख्या | २ | २ | ३० | २९.५७ | १ वटा बारा र १ वटा पर्सामा गरि २ वटा सहकारी लाभान्वित भएको |
| २०. | हयाचरी सुदृढिकरण कार्यक्रम | वटा | २ | ३ | १० | ९५.७५ | ३ वटा फर्म बारामा लाभान्वित भएको |
| २१. | केरा थामलाई प्रशोधन गरि रेशा बनाउने उद्योग स्थापना कार्यक्रम | संख्या | १ | १ | १५ | १४.७७ | निजगढ केरा एग्रिकल्चर फर्म, निजगढ न.पा.-८, लाभान्वित भएको |

११. **ऐन, नियम र निर्देशिकाको सूची:**

- मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२
- कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२
- परियोजना कार्यान्वयन म्यानुअल २०७७ पहिलो संशोधन, २०८१
- न्यूनतम समर्थन मूल्यमा धान खरीद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७
- कृषि उपज भण्डारण घर निर्माण कार्यविधि, २०७५
- जैविक विषादी उत्पादन प्रयोगशाला निर्माण कार्यक्रम कार्यविधि, २०७५
- सघन फलफूल विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५
- कृषि उपज प्रशोधन कारखाना स्थापना अनुदान कार्यविधि, २०७५
- विषयगत प्राविधिक कार्य समूह कार्यान्वयन कार्यविधि, २०७४
- शीत भण्डार गृह स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४
- कृषि इन्टर्न परिचालन कार्यविधि, २०७४
- कृषि शिक्षा अनुसन्धान र प्रसार कार्यक्रम सञ्चालन कार्यविधि, २०७४
- एकिकृत सामुदायिक नमूना आधुनिक कृषि फर्म स्थापना कार्यक्रम सञ्चालन कार्यविधि

**कार्यालयमा प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धि विवरण**

यो कार्यक्रम स्वदेशी सोच स्वदेशी लगानी र स्वदेशी जनशक्तिमा सञ्चालित भएकोले यस कार्यालयमा कुनै पनि प्रकारको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता भएको छैन।

१२. **सूचना अधिकारी र प्रमुखको नाम र पद:**

- सूचना अधिकारी: आरती चौधरी, कृषि अधिकृत (९८५५०४८८९७)
- कार्यालय प्रमुख: राम बलम प्रसाद साह, वरिष्ठ कृषि अधिकृत (९८५५०४८८९९)